**गुजरा नगरपालिका**

**स्थानीय राजपत्र**

| खण्डः २ | संख्याः ६ | मितिः २०८१/११/२६ |
|---|---|---|

भाग- १

गुजरा नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

सिमराभवानिपुर, रौतहट

## गुजरा नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८१

# गुजरा नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८१

**प्रस्तावनाः** स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एंव सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ बमोजिम सोहि संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय सरकारको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम गुजरा नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम गुजरा नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८१ रहेको छ ।

(ख) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागु हुनेछ ।

२. परिभाषा:विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,



नगर प्रमुख

क) "आकस्मिक उपचार सेवा" भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अङ्ग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरु पर्दछन् ।

ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ ।

ग) "ऐन" भन्नाले स्थानीय स्वास्थ्य सेवा ऐन, २०८१ लाई सम्झनुपर्छ ।

घ) "कार्यपालिका" भन्नाले गुजरा नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

ङ) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले गुजरा नगरपालिका क्षेत्र भित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

च) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धीत परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

छ) "जंक फुड" भन्नाले फ्याट, चिनी, अजिनो मोटो र अत्याधिक रङ्ग वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित तयारी खाद्य सामग्री बुझिनेछ ।

ज) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

झ) "नगरपालिका" भन्नाले गुजरा नगरपालिका सम्झनुपर्छ ।

ञ) "नगरपालिका क्षेत्र" भन्नाले नगरपालिकाको भूभाग सम्झनुपर्छ ।

ट) "निर्देशिका" भन्नाले यस ऐनको कार्यान्वयन गर्ने कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ ।

ठ) "प्रमुख" भन्नाले नगरपालिका प्रमुख सम्झनुपर्छ ।

प्रसाद चौधरी
नगर प्रमुख

ड) "सरकारी स्वास्थ्य संस्था" भन्नाले गुजरा नगरपालिका क्षेत्र भित्र सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

ढ) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धीत परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

ण) "सेवाग्राही " भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

त) "स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धीत गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ ।

थ) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

द) "शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सरसफाई हेर्ने उपशाखा सम्झनुपर्छ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

**३. आधारभूत स्वास्थ्य सेवाः** (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पँहुच हुनेछ ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा,

(ख) नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन, पोषण सेवा सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन स्वास्थ्य सेवा

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) लागु औषध तथा दुर्व्यसन व्यवस्थापन सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(झ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(ञ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ट) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(ठ) नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर / योग केन्द्र

(३) संघीय सरकारले निर्धारण गरेको आधारभूत तथा उपचारात्मक स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनकाआधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

४. आधारभूत स्वास्थ्य सेवा प्रदायकः (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) नगर अस्पताल

(ख) स्वास्थ्य चौकी

(ग) शहरी/आधारभूत स्वास्थ्य केन्द्र

(घ) रक्त संचार केन्द्र

(ङ) आयुर्वेदिक औषधालय

(च) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(छ) सामुदायिक अस्पताल

(ज) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र/जनता स्वास्थ्य केन्द्र

(झ) गाँउघर क्लिनिक

(ञ) क्षयरोग / कुष्ठरोग उपचार केन्द्र

(ट) पोषण पुर्नस्थापना केन्द्र/फिजियोथेरापी(भौतिक चिकित्सा)

(ठ) एच.आई.भि. संक्रमितहरु का लागी सामुदायीक हेरचाह केन्द्र I

(ड) नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर / योग केन्द्र

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) नगरपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

५. नगरपालिका स्वास्थ्य शाखाः

(१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार इकाईहरू बनाउन सक्नेछ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

६. स्वास्थ्य संस्था स्थापना र संचालनः (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) नगर अस्पताल

(ख) स्वास्थ्य चौकी

(ग) शहरी/आधारभूत स्वास्थ्य केन्द्र

(घ) सामुदायिक इकाई

(ङ) आयुर्वेद औषधालय

(च) रक्त संचार केन्द्र

(छ) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी

(ज़) सामुदायिक क्लिनिक

(झ) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र/ जनता स्वास्थ्य केन्द्र

(ब) गाँउघर क्लिनिक

(ट) क्षयरोग / कुष्ठरोग उपचार केन्द्र

(ठ) पोषण पुर्नस्थापना केन्द्र/फिजियोथेरापी(भौतिक चिकित्सा)

(ड) HIV संक्रमितहरुका लागी सामुदायीक हेरचाह केन्द्र

(ढ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।.

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थावाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्नेछ ।

(५) हरेक स्वास्थ्य संस्थाले अनिवार्य रुपमा नेपाल सरकारबाट उपलब्ध गराउनु भनी तोकिएको अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गराउनुपर्नेछ ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. स्वास्थ्य संस्था व्यवस्थापनः (१) नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

### महा/उप/नगरपालिका प्रमुख/गाउपालिका अध्यक्ष – संरक्षक

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष- अध्यक्ष

(ख) महिला सदस्य मध्येवाट वडा समितिले तोकेको एक जना महिला सदस्य- उपाध्यक्ष

(ग) स्वास्थ्य संस्था रहेको क्षेत्रको विधालयका प्रमुख/प्राचार्य/मध्येबाट एक जना महिला –सदस्य

(घ) स्थानीय व्यापार संघको प्रतिनिधि एक जना –सदस्य

(ङ) समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एक जना -सदस्य

(च) वडा कार्यालय अधिकारी – सदस्य

(छ) सम्बन्धीत स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

(२) बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ

(क) दलित /जनजातिबाट -१ जना

(ख) अपांग/अशक्त /वा जेष्ठ नागरीखरू मध्येबाट -१ जना

(ग) किशोरकिशोरिहरुमध्येबाट -१ जना साथै

समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नगरपालिका प्रमुख/उपप्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन ।

(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्नेः (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछः

(क) जनरल / प्राथमिक अस्पताल

(ख) नर्सिङ होम

(ग) निदान केन्द्र

(घ) क्लिनिक

(ङ) औषधि पसल

(च) आयुर्वेदिक औषधालय / वैकल्पिक सेवा

(छ) पुनर्स्थापना केन्द्र/फिजियोथेरापी

(ज) पोलिक्लिनिक

(झ) मेडिकल ल्याब र डायग्नोष्टिक सेवा

(ञ) सामुदायीक स्वास्थ्य हेरचाह केन्द्र

(ट) नसर्ने रोग न्युनिकरणका लागि फिटनेस सेन्टर / योग केन्द्र

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धीत कुनैपनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नुपर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको हुनुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको पन्ध्र दिनभित्र आवश्यक अनुगमन गरि तोकिएको मापदण्ड पुरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई एक महिनाभित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको मासिक / वार्षिक प्रतिवेदन (HMIS/DHIS-2) नगरपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा



सन्तलाल प्रसाद चौधरी
नगर प्रमुख

नवीकरण सिफारिस लिनुपर्नेछ साथै मासिक / वार्षिक प्रतिवेदन (HMIS/DHIS-2) नियमित रुपमा नबुझाएमा नविकरण तथा सिफारीस गरीने छैन।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिका बाट अनुमति लिनुपर्नेछ ।

(९) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले तीन महिनाभित्र आवश्यक प्रक्रिया पूरा गरी गराउनुपर्नेछ ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरुप सेवा संचालन स्वीकृति लिनुपर्नेछ ।

९. दर्ता सिफारिस लिनुपर्नेः (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई वा दर्ता भई संचालन हुने निजी स्तरका स्वास्थ्य संस्थाले स्थापना, संचालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा संचालून पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत शैयामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क शैया र संस्था भित्र प्राप्त हुने ल्याब परिक्षण निशुल्क गर्नुपर्नेछ ।

## परिच्छेद ४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१०. गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्नेः (१) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

११. अनुगमन गर्नेः (१) नगरपालिकाको अनुगमन समितिले दफा ८ बमोजिम संचालान अनुमति लिई नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको चौमासिक अनुगमन, निरीक्षण तथा मुल्याङ्कन चेकलिष्ट तयार गरी सोहि अनुसार गर्नेछ ।

(२) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समिति बनाई जुनसुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा नगरपालिकाको प्रतिनिधिका साथै तोकिएको योग्यता भएको विज्ञ सम्मिलित अनुगमन समिति मार्फत गर्नेछ। विज्ञ उपलब्ध गराउन सम्बन्धीत विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासँग सहकार्य गर्न सक्नेछ ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धीत स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो रायसमेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

(६) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वाकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(७) नगरपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था, प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्नेछ । यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको छ महिनाभित्र कार्यपालिकाले नगरसभामा पेश गरी छलफल गर्नेछ ।

१२. सेवा शुल्क निर्धारण र पुनरावलोकनः (१) नगरपालिकाले संघीय सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिका भित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुनेगरि आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई नगरपालिकालाई पूर्व जानकारी गराउनेछ। यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

## परिच्छेद ५

## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

१३. सरसफाई तथा प्रदुषण रोकथामः (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन। यसका लागि नगरपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा नगरपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) नगरपालिकाले सामुदायिक सरसफाई सम्बन्धी कार्यविधि र निर्देशिका बनाई लागु गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धीत जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धीत जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।



सन्तलाल प्रसाद चौधरी
नगर प्रमुख

Scanned with CamScanner

१४. स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन तथा उचित व्यवस्थापन गर्नुपर्नेछ र नगरपालिकाले सो सेवा उपलब्ध गराए सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रबाट निष्काशित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसँग समेत सहकार्य र साझेदारी तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

१५.जनस्वास्थ्य निरीक्षणः (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ्य निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको दफा १३ र १४ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

१६.खाद्य तथा पानीको गुणस्तरः (१) नगरपालिकाले संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) नगरपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण र अनुगमन गर्नेछ ।

(६) कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण तथा बिक्री वितरणका क्रममा तोकिए बमोजिमको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ। यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ ।

(८) यस दफामा उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धीत जनस्वास्थ्य अधिकारीसँग हुनेछ । यसरी जाँच परिक्षण गर्दा निरीक्षकले संघीय सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धीत जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन तोकेको अवधिका लागि रोक लगाई कारवाहीका लागि सिफारिस गर्न सक्नेछ

(१०) दफा १६ को उपदफा ९ बमोजिमको कार्य प्रमाणित भएमा सो संस्थाको अनुमति रद्द गर्ने वा नियम अनुसार जरिवाना गर्नेछ ।

१७. अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइनेछैन ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न कार्यपालिकाले निषेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ ।

(५) नगरपालिका क्षेत्र भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(६) अठार वर्ष मुनिका वालवालिका, गर्भवती र सुत्केरी महिलालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन ।

(७) वियालय लगायतका स्थानमा जंक फुडको विक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ । निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, प्रचार गरेको पाइएमा सम्वन्धीत वियालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ।

८) वियालय, स्वास्थ्य क्षेत्र तथा सार्वजनिक क्षेत्रको एक सय मिटर वरपर मदिरा तथा सुर्तिजन्य पदार्थ विक्रिवितरण गर्न पाईने छैन ।

९) होटल, रेष्टुराँ, खुद्रा मदिरा पसल लगायत तोकिएका स्थानमा साँझको पाँच बजे अघि र रातको नौ बजे पछि मदिराजन्य पदार्थ खुद्रा विक्री वितरण तथा सेवन गर्न पाईने छैन ।



लालप्रसाद चौधरी
नगर प्रमुख

१०) मदिरा तथा सुर्तिजन्य पदार्थ र अन्य सामाग्रीको विक्री वितरण एकै स्थानमा गर्न पाइनेछैन ।

## परिच्छेद ७

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

**१८. स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) कार्यपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्वर्धन गर्नेछ ।

(२) पूर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ ।

(३) कार्यपालिकाले नगरपालिकाको स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

**१९. जनशक्तिको व्यवस्थापनः** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी

(ख) करार

(ग) अभ्यासकर्ता / अनुसन्धानकर्ता

(घ) स्वयमसेवक/स्वयमसेविका

(२) कार्यपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नसक्नेछ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धीत निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनसक्नेछ ।

(४) नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ ।

२०. कार्यसम्पादन करार गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कार्यविधि बनाई कर्मचारीहरूसँग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

२१. विपद व्यवस्थापन संयन्त्रः (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरुको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्रसहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ।

(३) नगरपालिकाले महामारी र विपदवाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ ।

२२. जनस्वास्थ्य आपतकालः (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरप्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछ ।

रामलाल प्रसाद चौधरी
नगर प्रमुख

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धीत सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नुपर्नेछ ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिसमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

**२३. औषधि खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले निःशुल्क वितरण गर्ने वा फार्मसी मार्फत् विक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि कार्यपालिकाले वार्षिक खरिद योजना बनाउने छ ।

(२) उपदफा (१) वमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमवाली र स्वास्थ्य सेवा विभागको औषधि खरीद सम्वन्धि निर्देशिका प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(३) नगरपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति, भण्डारण तथा विक्री गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

**२४. निःशुल्क औषधिः** (१) नगरपालिकाले निःशुल्क औषधि नगरभित्रका सार्वजनिक स्वास्थ्य संस्था मार्फत मापदण्ड बनाई वितरण गर्न सकनेछ ।



रुपलाल प्रसाद चौधरी
नगर प्रमुख

२५. नियमनः (१) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानुन समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको बिक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद १०

## साझेदारी र सहकार्य

२६. साझेदारी र सहकार्य गर्न सक्नेः (१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी तथा गैरसरकारी संस्था तथा निकायसँग सहकार्य गर्न सक्नेछ ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न नगरपालिकाले अन्य नगरपालिकासँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

२७. सेवा खरिद सम्झौता गर्न सक्नेः नगरपालिका क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ ।

२८. विद्यालय स्वास्थ्य सेवाः (१) नगरपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सकनेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्वन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(७) शाखाले आवधिक रूपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

(८) आपतकालिन जनस्वास्थ्य समस्याको सूचना तुरुन्त उपलब्ध गराउनुपर्नेछ ।

**३१. जानकारी पाउने हकः** बिरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ। सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद १२

## आकस्मिक स्वास्थ्य सेवा

**३२. आकस्मिक सेवाबाट बन्देज नगरिनेः** (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्न सकनेछ।

**३३. एम्बुलेन्स सेवाः** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासँगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गर्न सकनेछ ।

(२) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू नेपाल सरकार/स्थानीय तहले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनुपर्नेछ साथै दर रेट नगरपालिकाले तोके बमोजिम हुनेछ ।



नगर प्रमुख

२९. घुम्ती शिविर सम्बन्धी व्यवस्थाः (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा सेवाहरु सञ्चालन गर्न शाखा बाट पुर्व अनुमति लिनुपर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्यांक र अभिलेख

३०. तथ्याङ्क संकलन र अभिलेखिकरणः (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमित रुपमा अद्यावधिक गर्ने पद्धति विकास गर्न सकनेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेख नगर एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्नेछ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४) नगरपालिका, इजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसँग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धीत स्वास्थ्य संस्था तथा नगरपालिकाको दायित्व हुनेछ ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकाङ्हरु नियमित रूपले अद्यावधिक गरी सार्वजनिक स्वास्थ्य शाखाले गर्न सकनेछ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ ।

(४) नगरपालिकाले अन्य स्थानीय सरोकारवालाहरुसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स नगरपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

## परिच्छेद १३

## प्रेषण तथा उपचार प्रणाली

३४. प्रेषण तथा उपचार प्रणालीः (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) नगरपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्न सकनेछ।

४) विपन्न नागरीक उपचार सहयोग संघ/प्रदेश र स्थानिय तहले तोके बमोजिम हुनेछ ।

## परिच्छेद १४

## कसूर र दण्ड सजाँय

३५.कसूर गरेको मानिनेः (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४७ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) सेवाग्राहीको गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनुपर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन गलत व्यक्तिगत विवरण पेश गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेगा,

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

(ढ) स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली (HMIS/ DHIS-2) प्रतिवेदन मासिक / वार्षिक रुपमा नगरेमा,

(ण) स्वास्थ्य उपचार उपलब्ध गराउने क्रममा सेवा प्रदायक र सेवा प्रदायक संस्थामा कानून विपरितका कार्यहरु (हातपात, दुर्व्यवहार, तोडफोड) गरेमा,

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुने,

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ड) र (ढ) बमोजिमको कसूर गरेमा दश हजारदेखि पचास हजारसम्म जरिबाना गरीनेछ ।

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रुपैयाँ जरिबाना ।

३६. मुद्दा हेर्ने अधिकारीः यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार न्यायीक समितिलाई हुनेछ ।

३७. पुनरावेदन : यस ऐन अन्तर्गगत सजाय हुने कसुर सम्बन्धी मुद्दामा उपप्रमुखले गरेको निर्णय उपर पैंतिस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

## परिच्छेद १५

## स्थानीय स्वास्थ्य बोर्ड

३८. स्थानीय स्वास्थ्य बोर्डको गठनः (१) नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको स्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्न सकनेछ।

(क) प्रमुख -अध्यक्ष

(ख) उपप्रमुख -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) कार्यपालिका सदस्य मध्ये एक जना महिला सदस्य - सदस्य

(च) काननु शाखा प्रमुख वा कानुनी सल्लाहकार -सदस्य

(छ) नगर अस्पताल/प्रदेश अस्पतालको मे.सु. - सदस्य

(ज) नगर शिक्षा शाखा प्रमुख- सदस्य

(झ) शाखा प्रमुख - सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछः-

(१) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्वर्द्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धीत क्षेत्र वा निकायलाई आवश्यक निर्देशन, समन्वय तथा अनुगमन गर्ने,

(५) रोगहरुको रोकथाम, प्रवर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) तोकिएबमोजिमको अन्य कार्य गर्ने।

(ख) स्वास्थ्यसँग सम्बन्धीत कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्ने।

(३) बोर्ड सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद १६

## विविध

**३९. समन्वय गर्नेः** राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुर्‍याउनेछ।

**४०. नियम बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**४१. मापदण्ड र निर्देशिका बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधी बनाउन सक्नेछ ।

**४२. स्वास्थ्य कार्यक्रम संचालन गर्ने :** कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यान्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार

स्वास्थ्य/जनस्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्न सक्नेछ।

**४३. आमा तथा शिशु सुरक्षा कार्यक्रम संचालन गर्नेः** (१) कार्यपालिकाले गर्भवती महिला, आमा र शिशुको लागि पोषण तथा स्वास्थ्य सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्न सकनेछ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्न सकनेछ।

(३) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्न सकनेछ।

४४. सामाजिक सुरक्षा र स्वास्थ्य बिमाः (१) नगरपालिका क्षेत्रका सबै वासिन्दालाई स्वास्थ्य वीमा ऐनले तोकेबमोजिम अनिवार्य स्वास्थ्य बिमामा आवद्ध गराउनु कार्यपालिकाको दायीत्व हुनेछ।

(२) कार्यपालिकाले सम्बन्धीत निकायसँगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रुपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य बिमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरुसँग समन्वय गर्नेछ ।

(४) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, आर्थिक सामाजिक र शैक्षिक रुपमा विपन्न वर्ग र अन्य लक्षित समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

४५. अधिकार प्रयोग गर्न सक्नेः यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

४६. सेवाग्राहीको कर्तव्य : (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन । त्यस्ता व्यक्तिहरूको बारेमा नगरपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

४७. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्वः (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाध्यकर्मीको कर्तव्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

४८. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

४९. गुनासो व्यवस्थापनः नगरपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसँग सम्बन्धीत गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्वोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्न सक्नेछ ।

५०. प्रचलित कानून वमोजिम हुनेः यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

५१. क्षतिपुर्ति दिनुपर्नेः नगरपालिका भित्रकुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा वा समयमा सेवा नदिएमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

५२. खारेजी र बचाउः यो ऐन लागु हुनुपूर्व नगरपालिका अन्तर्गत संचालित क्रियाकलाप यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

नगर प्रमुख

आज्ञाले,

मित्रलाल ढकाल

प्रमुख प्रशासकीय अधिकृत